धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस् "हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २९ ◆ २०८३ साउन २९ गते शुक्रबार, Friday, August 14, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## थाक्रे-९ का २०० घरधुरीमा सुधारिएको चुलो

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी। थाक्रे गाउँपालिका-९ का २०० घरधुरीलाई घरभित्रको धुवाँ र दाउराको खपत घटाउने उद्देश्यले सुधारिएको चुलो वितरण गरिएको छ। क्लाइमेट फ्युचरको लगानी तथा ग्रीननोभा कन्सल्टिङ प्रा.लि. र थाक्रे गाउँपालिकाको समन्वयमा स्थानीय बासिन्दालाई २०० थान सुधारिएको चुलो उपलब्ध गराइएको हो।

सुधारिएको चुलोको प्रयोगबाट परम्परागत चुलोको तुलनामा दाउरा कम खपत हुने, भान्सामा धुवाँ घट्ने र खाना पकाउँदा धुवाँका कारण स्वास्थ्यमा पर्न सक्ने असर न्यूनीकरणमा सहयोग पुग्ने आयोजकले जनाएको छ।

कार्यक्रममा सुधारिएको चुलोलाई सामग्री वितरणमा मात्र सीमित नराखी स्वच्छ भान्सा, स्वस्थ जीवनशैली र वातावरणमैत्री ऊर्जा प्रयोगसँग जोडेर अघि बढाइएको जानकारी दिइयो। दाउराको प्रयोग घट्दा वनमाथिको दबाब कम भई वातावरण संरक्षणमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

श्यामचन्द्र आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लाइमेट फ्युचर र ग्रीननोभा कन्सल्टिङ प्रा.लि.का प्रतिनिधि, वडा सदस्य, स्थानीय जनप्रतिनिधि तथा स्थानीयवासीको सहभागिता थियो। चुलो प्राप्त गरेका स्थानीयवासीले दाउरा जुटाउन लाग्ने समय र खर्च कम हुनुका साथै भान्सामा धुवाँको समस्या घट्ने अपेक्षा व्यक्त गरेका छन्। सहभागीहरूले स्थानीय आवश्यकता र वातावरणीय पक्षलाई ध्यानमा राखी यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखेका थिए।

थाक्रे गाउँपालिका, क्लाइमेट फ्युचर र ग्रीननोभा कन्सल्टिङबीचको सहकार्यले स्थानीय तहमा सुधारिएको प्रविधिको प्रयोग विस्तार गर्दै स्वच्छ ऊर्जा र वातावरण संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

## देश बनाउन सबैले सहकार्य गर्नु जरुरी छः अर्थमन्त्री वाग्ले

❑ *प्रत्यूष समाचारदाता*

दमौली। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक आग्रहपूर्वाग्रह त्यागेर सबैपक्ष एकताबद्ध भएर अघि बढ्नुपर्ने बताउनुभएको छ।

जिल्ला समन्वय समिति तनहुँले बिहीबार दमौलीमा आयोजना गरेको वार्षिक प्रगति समीक्षा कार्यक्रममा उहाँले देशलाई नयाँ उचाइमा पुर्‍याउने स्पष्ट योजनासहित वर्तमान सरकार अघि बढिरहेको बताउँदै सबैले आपसी सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो।

अर्थमन्त्री वाग्लेले सरकार सुशासन र सुधारलाई प्राथमिकतामा राखेर सरकार अघि बढिरहेको बताउनुभयो। उहाँले सरकारको पहिलो वर्षलाई सुधारको वर्ष, दोस्रोलाई सुशासनको वर्षका रूपमा लिइएको जनाउँदै तेस्रो र चौथो वर्षमा त्यसको नतिजा देखिने गरी योजनाबद्ध रूपमा काम भइरहेको उल्लेख गर्नुभयो। "यो जनताले आशा गरेको सरकार हो। देश बनाउन सबै मिलेर अघि बढौँ। गलत सोच त्यागौँ, देशलाई उचाइमा सहकार्य र समन्वय गरौँ", उहाँले भन्नुभयो। मुलुकलाई समृद्ध बनाउने स्पष्ट योजना लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा आएको उल्लेख गर्दै वाग्लेले जनताको अपेक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "सुशासनको जगमा टेकेर सबै मन्त्रालयमा दैनिक रूपमा सुधारका काम भइरहेका छन्। कतिपय ठाउँमा गलत भए तत्कालै सुधार गरेर अगाडि बढिरहेका छौँ।"

अर्थमन्त्री डा वाग्लेले सुशासनबिना मुलुकको आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भन्दै सरकारी संयन्त्रलाई प्रभावकारी र जवाफदेही बनाउन आवश्यक रहेको बताउनुभयो। सरकारले सुशासन कायम गर्ने विषयमा कुनै सम्झौता नगर्ने उहाँको भनाइ छ।

अर्थमन्त्री डा वाग्लेले पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउँदै ऊर्जामा त्यसको सफल उदाहरण देखिसकिएको उल्लेख गर्नुभयो। अर्थमन्त्री डा वाग्लेले धान्न सक्नेगरी स्वास्थ्य बिमाको ढाँचा जाने गरी सरकारले काम अगाडि बढाएको उल्लेख गर्दै निम्न वर्गलाई लक्षित गरी विगतका सरकारले ल्याएका सकारात्मक कामलाई यस वर्ष यथावत राखिएको जानकारी दिनुभयो। कार्यक्रममा तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा



सदस्य श्रीराम न्यौपानेले विकास निर्माणलाई गति दिन पूर्वाधार अदालतको प्रक्रिया अगाडि बढेको जानकारी दिनुभयो। गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, जितप्रकाश आले, अशोककुमार श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनलगायत विषयमा सहकार्य र समन्वयको आवश्यकता औँल्याउनुभयो।

शुक्रबारसम्म सञ्चालन हुने समिक्षा कार्यक्रममा जिल्लास्थित स्थानीय तह, प्रदेश र सङ्घीय सरकार मातहतका कार्यालयका आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका काम र समस्याबारे छलफल गरिने जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिनुभयो। बताउनुभयो।

## प्रमुख प्रतिपक्षी नेता आङ्देम्बे र चिनियाँ राजदूत माओमिङबीच भेटवार्ता

काठमाडौं। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे र नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङबीच भेटवार्ता भएको छ। सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा उहाँहरुबीच भेटवार्ता भएको हो।

भेटमा आङ्देम्बेको शुक्रबारदेखि हुने चीन भ्रमण, ग्वाङ्झाउमा नेपाली संवत्अनुसार यही साउन ३० र ३१ गते आयोजना हुने गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को एघारौँ एसिया क्षेत्रीय सम्मेलन तथा नेपाल-चीन द्विपक्षीय सम्बन्धका विविध विषयमा छलफल भएको छ। नेता आङ्देम्बेले आफ्नो चीन भ्रमणलाई सम्मेलनको सहभागितामा मात्र सीमित नराखी नेपाल-चीन सम्बन्ध, चिनियाँ विकास तथा शासन अभ्यास र दुई देशका संसद् तथा राजनीतिक दलबीचको सम्बन्धबारे अनुभव आदानप्रदान गरिएको बताउनु भएको थियो। नेपाल-चीन सम्बन्धलाई सरकार सरकारका सम्बन्धमा मात्र सीमित नराखी जनस्तरसम्म विस्तार गर्नुपर्ने धारणा उहाँको थियो। राजदूत माओमिङले पनि नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ पार्नुपर्नेमा जोड दिनुभएको थियो।

## राष्ट्रियसभाः आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयक स्वीकृत

काठमाडौं। राष्ट्रियसभाको बिहीबारको बैठकले 'आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव स्वीकृत गरेको छ।

बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले राख्नुभएको उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत गरेको हो।

प्रस्ताव पेस गर्दै मन्त्री पौडेलले प्राकृतिक वा अन्य प्राविधिक कारणले उडान ढिलाइ भएमा दायित्व सिर्जना नहुने व्यवस्था विधेयकमा रहेको बताउनुभयो।

सो क्रममा बोल्नुहुँदै उहाँले युरोपको आकाशमा नेपाली विमानलाई उडान सुरक्षाको सूचिमा राखेको अवस्थामा सो सम्बन्धमा फुकुवाका लागि काम भइरहेको जनाउँदै अबको छ महिनाभित्र कामको नतिजा देखिने बताउनुभयो।

यसअघि उक्त प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसदहरू सोनाम गेल्जेन शेर्पा, गीता देवकोटा, प्रेमप्रसाद दङ्गाल, पदमबहादुर परियार, सम्झना देवकोटा, भुवनबहादुर सुनार, युवराज शर्मा, रुक्मिणी कोइराला, नारायणदत्त मिश्रले आ-आफ्ना धारणा राख्नुभएको थियो। राष्ट्रियसभाको अर्को बैठक आगामी भदौ १ गते दिउँसो १:१५ बजे बस्ने सूचना टाँस गरि जानकारी दिइएको छ।

## विद्यालय अनुगमनमा देखियो सुधारको संकेत तर सिकाइ सुधारमा अझै चुनौती

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी। गल्छी गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा गरिएको अनुगमनले विद्यालय सञ्चालन, शिक्षक-विद्यार्थी उपस्थिति र अभिलेख व्यवस्थापनमा सुधार देखाएको छ। यद्यपि विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यालय सुधार योजना अद्यावधिक, नतिजाको विषयगत विश्लेषण, विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग र रिक्त शिक्षक दरबन्दी पूर्तिमा थप ध्यान दिनुपर्ने देखिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ धादिङले गल्छी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखासँगको समन्वयमा वागेश्वरी माध्यमिक विद्यालय र किराञ्चोक कार्कीडाँडा माध्यमिक विद्यालयमा अनुगमन, सुपरिवेक्षण तथा कक्षा अवलोकन गरेको हो।

अनुगमनका क्रममा विद्यालयको व्यवस्थापकीय अवस्था, शिक्षक तथा विद्यार्थी उपस्थिति, कक्षा शिक्षण प्रक्रिया, अभिलेख व्यवस्थापन, परीक्षा र नतिजालगायत पक्ष अध्ययन गरिएको थियो। दुवै विद्यालयको नियमित सञ्चालन तथा शिक्षक-विद्यार्थी उपस्थिति सन्तोषजनक रहेको अनुगमन टोलीले जनाएको छ।

विद्यालयमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक गरिएको, जिन्सी अभिलेख व्यवस्थित राखिएको र शिक्षक डायरी प्रयोगमा रहेको पाइएको छ।

सामाजिक तथा आर्थिक लेखापरीक्षण सम्पन्न गर्नुका साथै विषयगत कार्यविभाजनसमेत गरिएको टोलीले जनाएको छ।

विद्यार्थीको सिकाइस्तर सुधारका लागि विद्यालय सुधार योजना (SIP) समयमै निर्माण तथा अद्यावधिक गर्न र अघिल्लो शैक्षिक वर्षको नतिजा विषयगत रूपमा विश्लेषण गरी कमजोर पक्ष पहिचान गर्न सुझाव दिइएको छ। पहिचान भएका कमजोरीका आधारमा कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्नेमा टोलीले जोड दिएको छ। कक्षा शिक्षणमा स्थानीय स्रोतसाधनबाट तयार गरिएका तथा उपलब्ध शैक्षिक सामग्रीको प्रयोग बढाउँदै विद्यार्थीलाई सक्रिय सहभागी गराउने शिक्षण विधि अपनाउन पनि सुझाव दिइएको छ।

अनुगमनका क्रममा लामो समयदेखि रिक्त रहेका शिक्षक दरबन्दीमा पदपूर्ति गरी विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्नुपर्ने विषयसमेत उठाइएको छ।

अनुगमन टोलीमा शिक्षा विकास तथा समन्वय एकाइ धादिङका प्रमुख कृष्णकुमार श्रेष्ठ, शाखा अधिकृत विजय तामाङ तथा विषय विज्ञ सरोज खतिवडा, सुजन भण्डारी, देवेन्द्र अर्याल, शिवप्रसाद अधिकारी र धर्मराज अर्याल सहभागी थिए। टोलीले विद्यालयमा देखिएका सकारात्मक अभ्यासलाई निरन्तरता दिँदै सुधार आवश्यक पक्षमा कार्ययोजना बनाएर काम गर्न सुझाव दिएको छ। अनुगमनसम्बन्धी प्रतिवेदन गल्छी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाइने जनाइएको छ।

सम्पादकीय ....

## गलत सूचनाप्रति सचेत हुनुपर्छ

वायुप्रदूषणले शरीरलाई असर गरे जस्तै अपुष्ट, सनसनीपूर्ण, चरित्रहत्या गर्ने, द्वेष फैलाउने विभिन्न सामग्री, भ्रामक, अश्लील भिडियो, हिंसात्मक दृश्य, घृणास्पद भनाइ, आपराधिक गतिविधि, हत्या, आत्मदाह, आत्महत्या, कुटपिट आदि सामग्रीले मानिसको सोचाइ, मानसिक सन्तुलन बदलिरहेको छ । अनावश्यक सूचनाको कब्जामा पर्नु पर्दा धेरै मानिसमा तनाव बढेको छ । त्यसले डर, अन्योल, छटपटी, चिडचिडाहटपन पैदा गर्छ। सत्यतथ्यको खोजी गर्नेभन्दा भ्रम सिर्जना हुन्छ । उठ्नासाथ मोबाइलमारु झुम्मिने, दिनभरि सामाजिक सञ्जालमा हराउने, नचाहिँदा पोस्ट, भिडियो, विवादित, गालीगलौज र अफवाहपूर्ण सामग्री हेर्ने बानीले धुलो धुवाँले शरीरलाई शिथिल बनाए जस्तै मस्तिष्कलाई थकित र प्रदुषित बनाउँछ । यसले मानिसमा मानसिक समस्या उत्पन्न हुन सक्छ । पारिवारिक, सामाजिक सम्बन्धमा दरार पैदा हुन सक्छ। बाल मस्तिष्कलाई नै क्षतविक्षत बनाउँछ ।

गलत सूचनाको प्रदूषणले व्यक्ति, समाजलाई मात्रै होइन, समाज र राष्ट्रलाई नै विखण्डित बनाउँछ। गलत सूचनाले समुदायमा द्वन्द्व निम्त्याउँछ। हिजो एउटै बनावटी कथित समाचारका कारण ऋतिकरोशन काण्ड भएको विषय हामीले भुलेका छैनौं। अस्ति भर्खर सुनसरीमा भएको हृदयविदारक घटना होस् या गणेश नेपाली आत्मदाह प्रकरण, त्यसको फैलावटले भएको मानवीय क्षति, हाम्रा आँखाअगाडि ताजै छ । नागरिक र समाजका लागि मात्रै होइन, सूचनाको प्रदूषण पत्रकारिता पेसाका लागि पनि घातक छ। छिटो सूचना तथा समाचार दिने नाममा तथ्य नै नखोजी 'भ्युज', 'लाइक' र 'क्लिक' खोज्न गरिने सम्प्रेषणको प्रवृत्तिले आज पत्रकार र पत्रकारितालाई नै बदनाम बनाइरहेको छ ।

सामाजिक सञ्जाल, समाचार माध्यम जस्ता देखिने/लाग्ने सञ्चार माध्यम जस्तै देखिने (ननमिडिया), टेलिभिजन जस्ता डिजिटल माध्यमलाई निकै दुरुपयोग गरिएको पाइन्छ ।

एआई निर्मित/उत्पादित सामग्रीले भ्रम मात्रै सिर्जना हुँदा मन्त्री, सांसद जस्ता जिम्मेवार उच्च पदस्थ व्यक्तिसमेत भ्रमित हुनु परेको छ भने सामान्य नागरिकमा झन् कति भ्रम परेको होला ? कति गलत विचार निर्माण भइरहेको होला ?

पत्रकारले पनि छिटो सूचना दिने नाममा अपुष्ट, अफवाहपूर्ण सूचना तथा समाचार सामग्रीलाई स्थान दिनु हुँदैन । सामाजिक सञ्जाल प्रयोगमा नागरिक आफैं सचेत र अनुशासित हुनु पर्छ। नागरिक, समाज र राष्ट्रलाई हानि पुग्ने सामग्री, विषयवस्तु सम्प्रेषण, सेयर गर्नु हुँदैन ।

गलत र अफवाहपूर्ण सूचनाको प्रदूषण फैलाएर समाजलाई नै दिग्भ्रमित पार्नेलाई तत्काल कारबाही गर्न प्रहरी प्रशासन पनि हिचकिचाउनु हुन्न भने पत्रकारिता र सञ्चारकर्मको खोल ओडेर यस्तो कर्म गर्ने पत्रकार र सञ्चार माध्यमलाई 'नैतिक पतन' गराउन नियामक निकायले पनिरु खुट्टा कमाउनु हुन्न। किनकि स्वस्थ समाजका लागि स्वच्छ हावा अति आवश्यक भए जस्तै नागरिक, समाज र राष्ट्रका लागि पनि स्वच्छ सूचना त्यति नै आवश्यक छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# वस्तुनिष्ठताको कसीमा शैक्षिक परामर्श सेवा

*उमेश ढुङ्गेल*

प्रस्तावित शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ ले वैदेशिक अध्ययनमा जाने विद्यार्थी, अभिभावक र शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाहरुबीच विभिन्न कोणबाट बहस र छलफल भएका छन्। खासगरी बहसमा धरौटी, शैक्षिक परामर्श सेवाका लागि त्यति आवश्यक नदेखिने पूर्वाधार, ग्रेडिङ, परामर्शदाताको आफ्नो नियन्त्रण र क्षमताभन्दा बाहिर जाने आर्थिक तथा मानसिक क्षतिपूर्तिको दायित्व र शाखा कार्यालयजस्ता विषय उठेका छन्।

यीमध्ये कतिपय विषयमा पर्याप्त छलफल र पुनर्विचारको आवश्यकता देखिन्छ तर यी विषयमा प्रवेश गर्नुअघि एउटा आधारभूत प्रश्नबाट छलफल सुरु गर्नु उचित हुन्छ आखिर परामर्श भनेको के हो ? परामर्श भनेको कसैको ठाउँमा निर्णय गरिदिने काम होइन। कुनै व्यक्तिको अवस्था, क्षमता, रुचि, आवश्यकता, विकल्प, जोखिम र सम्भावित परिणामलाई बुझेर सत्यापनयोग्य सूचना, विवेकपूर्ण विश्लेषण र पेशागत मार्गदर्शनमार्फत उसलाई आफ्नै जीवनबारे सही र सूचित निर्णय लिन सक्षम बनाउने प्रक्रिया नै परामर्श हो । विद्यार्थीको आवश्यकता, क्षमता, रुचि, आर्थिक अवस्था र भविष्यको लक्ष्यअनुसार उपलब्ध विकल्प पहिचान गर्नु, ती विकल्पका अवसर र सीमाबारे वस्तुगत जानकारी दिनु, सम्भावित जोखिमबारे सचेत गराउनु र अन्ततः विद्यार्थीलाई आफ्नै निर्णय लिन सक्षम बनाउनु नै परामर्शको मूल जिम्मेवारी हो । यसैले शैक्षिक परामर्शलाई विद्यार्थीलाई कुनै देश, विश्वविद्यालय वा पाठ्यक्रममा पठाउने भर्नाकेन्द्रित गतिविधिमा मात्र सीमित गर्नु यसको वास्तविक प्रकृतिलाई साँघुरो बनाउनु हो ।

शैक्षिक परामर्श मूलतः विद्यार्थीको शैक्षिक पृष्ठभूमि, क्षमता, रुचि, भविष्यको आकाङ्क्षा, आर्थिक अवस्था र उपलब्ध शैक्षिक अवसरबीच उचित सम्बन्ध पहिचान गर्ने ज्ञानमा आधारित पेशागत सेवा हो । त्यसैले परामर्शदाताको मूल्य कार्यालयको आकार वा विद्यार्थीको सङ्ख्याले मात्र होइन, उसले दिने सूचनाको गुणस्तर, विश्लेषण गर्ने क्षमता, पेशागत दक्षता र विद्यार्थीप्रतिको जिम्मेवारीले निर्धारण गर्नुपर्छ । परामर्शदाताको काम विद्यार्थीको निर्णय आफ्नो हातमा लिनु होइन, उसलाई अझ राम्रो निर्णय गर्न सक्षम बनाउनु हो ।

विद्यार्थी र अभिभावकको जिम्मेवारिता

आजको विश्वमा शैक्षिक अवसर र सूचना विद्यार्थीको पहुँचमा पहिलेभन्दा धेरै सहज भएका छन्। विश्वव्यापी शैक्षिक गतिशीलताको अवसरलाई उपयोग गर्दै विद्यार्थी र अभिभावक स्वयं पनि सचेत हुन आवश्यक छ । आफूले प्राप्त गरेको सूचना सकेसम्म सत्यापन गर्ने, विभिन्न विकल्पबीच तुलना गर्ने, प्रश्न गर्ने र आवश्यक परे थप जानकारी खोजेर मात्र निर्णय गर्ने संस्कार विकास हुनुपर्छ ।

सही परामर्श लिनु परामर्शदाताको मात्र जिम्मेवारी होइन । सही सूचना खोज्नु, बुझ्नु र सोचेर निर्णय गर्नु विद्यार्थी तथा अभिभावकको पनि जिम्मेवारी हो। समय लिएर सूचना परीक्षण गरी निर्णय गर्दा हतारमा निर्णय गर्नुपर्ने अवस्था कम हुन्छ। प्रस्तावित नियमावलीमा विद्यार्थी र अभिभावकको भूमिकालाई पनि स्पष्ट रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ। विद्यार्थी केवल सेवा प्राप्त गर्ने व्यक्ति होइन; आफ्नो भविष्यसँग सम्बन्धित निर्णयको प्रमुख सरोकारवाला हो । अभिभावक पनि आर्थिक, पारिवारिक र सामाजिक पक्षसँग जोडिएको महत्वपूर्ण पक्ष हुन्। यी दुवैलाई सचेत र जिम्मेवार सरोकारवालाका रूपमा स्थापित गर्न सकिएमा परामर्श प्रक्रिया अझ स्वस्थ र सन्तुलित बन्न सक्छ ।

नियमावलीको आवश्यकता किन ?

एउटा विद्यार्थीले गलत सल्लाह पाउँदा समस्या उसको शैक्षिक भविष्यमा मात्र सीमित हुँदैन। त्यसले परिवारको ठूलो आर्थिक लगानी, अध्ययनको दिशा, करियर, व्यक्तिगत आत्मविश्वास र भविष्यका अवसरसम्म असर पार्न सक्छ । यही कारणले शैक्षिक परामर्श क्षेत्रमा नियमावली अत्यावश्यक छ । विद्यार्थी र परामर्शदाताबीच सूचना, ज्ञान, अनुभव र प्रभावको समानता हुँदैन । विद्यार्थीले परामर्शदाताले दिएको सूचनामाथि विश्वास गरेर आफ्नो जीवनको महत्वपूर्ण निर्णय गर्न सक्छ त्यसैले यो सम्बन्ध सामान्य व्यापारिक कारोबारभन्दा बढी संवेदनशील हुन्छ । प्रस्तावित नियमावलीमा परामर्शदाता, विद्यार्थी तथा अभिभावक, नेपालमा रहेका वा विदेशमा रहेका शैक्षिक प्रदायक तथा विश्वविद्यालय, सम्बन्धित सरकारी निकाय र अन्य प्राथमिक सरोकारवालाको भूमिका, जिम्मेवारी, अधिकार, सीमा र उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्न सकिएमा धेरै सम्भावित समस्या समाधान गर्न सकिन्छ ।

कम्तीमा पनि परामर्शदाताले सही र प्रमाणित सूचना दिने, गोपनीयता कायम गर्ने, स्वार्थको द्वन्द्व भए खुलासा गर्ने, सत्य र गैरभ्रामक प्रचार गर्ने, आफ्नो पेसागत क्षमताको सीमाभित्र रहेर सेवा दिने, आवश्यक अभिलेख राख्ने, विद्यार्थीको स्वायत्तताको सम्मान गर्ने र विद्यार्थीको हितलाई व्यावसायिक स्वार्थभन्दा माथि राख्ने दायित्व नियमावलीमा स्पष्ट हुनुपर्छ । परामर्शदाताले आफूलाई थाहा नभएको कुरा थाहा भएजस्तो गर्नु हुँदैन। कुनै संस्थाको कमजोरी थाहा हुँदाहुँदै लुकाउनु हुँदैन । 'कमिसन' वा अन्य व्यावसायिक लाभका कारण विद्यार्थीका लागि अनुपयुक्त विकल्पलाई उपयुक्त भनेर प्रस्तुत गर्नु हुँदैन । विद्यार्थीको निर्णयक्षमतामाथि आफ्नो व्यावसायिक स्वार्थका कारण प्रभाव पार्नु हुँदैन त्यसैले नियमावली पेशालाई अनावश्यक नियन्त्रण गर्ने अतिरिक्त बोझ होइन; पेशागत विश्वासलाई संस्थागत गर्ने आधार हुनुपर्छ ।

स्पष्ट भूमिकाको खाँचो

परामर्शदाताले विद्यार्थीलाई सही सूचना दिन सक्छ, उपयुक्त पाठ्यक्रम छनोटमा सहयोग गर्न सक्छ र सत्यमा आधारित प्रचार गर्न सक्छ । तर अफर लेटर, विश्वविद्यालयको प्रवेश निर्णय, भिसा, अध्यागमन, विदेशी कानुन, दूतावासको निर्णय वा विद्यार्थी विदेश पुगेपछिको व्यक्तिगत व्यवहार परामर्शदाताको पूर्ण नियन्त्रणमा हुँदैन। यही कारणले परामर्शदाताको कर्तव्य र उसको नियन्त्रणको सीमा स्पष्ट नभई केवल परिणामका आधारमा दायित्व निर्धारण गर्नु न्यायोचित हुँदैन ।

परामर्शदाताले कुनै विश्वविद्यालय वा कलेजको अफर लेटरको ग्यारेन्टी गर्न सक्दैन। उसको मुख्य भूमिका विद्यार्थीलाई करियर मार्गदर्शन, शिक्षा प्रणाली, पाठ्यक्रम, संस्थागत आवश्यकता, भिसा प्रक्रियासम्बन्धी उपलब्ध जानकारी, सम्बन्धित देशको अर्थतन्त्र, भूगोल, जलवायु तथा अन्य सान्दर्भिक विषयमा सही र वस्तुगत जानकारी उपलब्ध गराउनु हो । अन्तिम निर्णय सम्बन्धित शैक्षिक संस्था वा सरकारी निकायले गर्ने हो त्यसैले कर्तव्यसँगै नियन्त्रणको सीमा र उत्तरदायित्वको सीमा पनि स्पष्ट हुनुपर्छ । कुनै परामर्शदाताले विद्यार्थीलाई नबुझी, उसको क्षमता र हितविपरीत, केवल आफ्नो व्यावसायिक स्वार्थका कारण कुनै विकल्प जबर्जस्ती थोपर्छ भने त्यो परामर्शको मूल मर्मविपरीत हुन्छ।

कस्तो नियमन आवश्यक ?

नेपालको संविधानले पेसागत स्वतन्त्रता र सार्वजनिक हितबीच सन्तुलन खोज्ने आधार दिएको छ। धारा १७ (२) (च) ले पेसा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्वीकार गरेको छ भने कानुनद्वारा उचित शर्त वा योग्यता निर्धारण गर्न सकिने आधार पनि रहेको छ। त्यसैले संवैधानिक प्रश्न 'नियमन गर्न मिल्छ कि मिल्दैन' मात्र होइन। नियमनको उद्देश्य, कानुनी आधार, आवश्यकता, औचित्य र त्यसबाट सिर्जना हुने भारबीच उचित सम्बन्ध छ कि छैन भन्ने पनि हो । त्यसैगरी, संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई संवैधानिक संरक्षण दिएको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ ले पनि गुणस्तरीय सेवा, छनोट, सूचना तथा अनुचित व्यापारिक अभ्यासविरुद्धको संरक्षणलाई महत्व दिएको छ । त्यसैले गलत सूचना दिने, विद्यार्थीलाई झुक्याउने वा जानाजानी अनुचित व्यावसायिक अभ्यास गर्ने संस्था वा व्यक्तिमाथि प्रभावकारी कारबाही हुनु आवश्यक छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अन्तर्गत ठगीका लागि धोका, बेइमानी वा झुक्याई हानी पुर्याउने वा अनुचित लाभ प्राप्त गर्ने तत्व आवश्यक हुन्छ । असल नियतले दिइएको पेसागत परामर्श सफल नभएको अवस्था र जानाजानी गरिएको ठगी वा गलत प्रस्तुतीकरणलाई एउटै स्तरमा राख्नु उचित हुँदैन । त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दायित्वसम्बन्धी व्यवस्थाले पनि कर्तव्य र दायित्वबीच सम्बन्ध स्थापित गर्छ। दफा ४९३, ४९५, ४९९ र ५०० का व्यवस्थाबाट हेर्दा जसको जुन दायित्व हो, त्यही आधारमा त्यसको पालना र त्यसबाट उत्पन्न हुने हानीनोक्सानीको उत्तरदायित्व निर्धारण हुने आधार देखिन्छ । यही दृष्टिले प्रस्तावित नियमावली, २०८३ लाई हेर्दा यसको उद्देश्यप्रति असहमति गर्नुपर्ने कारण छैन। विद्यार्थीको हित संरक्षण, सेवा गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु राज्यको वैध जिम्मेवारी हो तर उद्देश्य राम्रो हुँदैमा उद्देश्य प्राप्त गर्ने प्रत्येक माध्यम स्वतः उचित हुन्छ भन्ने हुँदैन ।

धरौटी र ग्रेडिङको प्रश्न

प्रस्तावित नियमावलीमा २५ लाख रुपैयाँ धरौटीको विषयमा बहस गर्दा 'धरौटी चाहिन्छ' वा 'चाहिँदैन' भनेर मात्र निष्कर्षमा पुग्नु पर्याप्त हुँदैन । वास्तविक प्रश्न हो २५ लाख नै किन ? यसले कुन पहिचान गरिएको जोखिमलाई सम्बोधन गर्छ ? विद्यार्थीको आर्थिक सुरक्षा, क्षतिपूर्ति, सेवा गुणस्तर वा अन्य कुनै नियामक उद्देश्य ? यदि विद्यार्थीको सुरक्षा मुख्य उद्देश्य हो भने त्यसका लागि अन्य कम भार पर्ने विकल्प पनि (बाँकी पृष्ठ ३ मा)

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# हुलाकमार्फत् करिब १० हजार नागरिकले पाए घरदैलोमै सेवा, साढे १० लाख सवारी लाइसेन्स र साढे २ लाख राहदानी ढुवानी

काठमाडौँ । हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री र नागरिकमैत्री बनाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने अभियानले गति लिएको छ । सरकारी कागजात तथा सामग्री ढुवानीसँगै राहदानी, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्रलगायत सेवा नागरिकको घरदैलोसम्म पुर्‍याउने व्यवस्था कार्यान्वयनमा आएपछि हुलाक सेवाको प्रयोग विस्तार हुँदै गएको हो ।

नयाँ सरकार गठनपछि मन्त्रिपरिषद्को पहिलो निर्णयबाट कार्यान्वयनमा ल्याइएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' तथा सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षेत्रअन्तर्गतका प्रमुख १० कार्यमध्ये हुलाकलाई सरकारी सामग्री तथा कागजात ढुवानी सेवाका रूपमा विकास गर्ने लक्ष्यअनुसार हालसम्म उल्लेखनीय प्रगति भएको हुलाक सेवा विभागले जनाएको छ । हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पड्नेनीका अनुसार हालसम्म हुम्लाबाहेक अरु सबै जिल्लामा सरकारी कागजात घरमै पुर्‍याउने सरकारको योजना लागु भइसकेको छ ।

हुम्लामा पनि कार्यान्वयनको अन्तिम तयारी भइरहेको उहाँले राससलाई बताउनुभयो । सरकारी सेवा नागरिकको घरदैलोमै पुर्‍याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गर्दै राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजात र सामग्री घरघरमै पुर्‍याउने व्यवस्था सफल रूपमा कार्यान्वयन भइरहेको महानिर्देशक पड्नेनीले जानकारी दिनुभयो । हुलाक सेवा विभागका अनुसार २०८३ साउन २७ गतेसम्म ७६ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४७ हजार ४३ थान राहदानी हुलाकमार्फत् ढुवानी गरिएको छ । तीमध्ये आठ हजार ६६९ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुर्‍याएर वितरण गरिएको छ । त्यसैगरी, सवारी चालक अनुमतिपत्रतर्फ यातायात व्यवस्था विभागबाट प्राप्त १० लाख ३८ हजार ८०८ थान अनुमतिपत्र सातै प्रदेशका यातायात व्यवस्था कार्यालयमा हुलाकमार्फत् पुर्‍याइएको छ । तीमध्ये एक हजार ९९ थान अनुमतिपत्र सेवाग्राहीको घरदैलोमै पुर्‍याइएको विभागले जनाएको छ । सवारी चालक अनुमतिपत्र घरदैलो मै पुर्‍याउने उद्देश्यले कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र हुलाक निर्देशनालय, सुर्खेतबीच समझदारीपत्रमा हस्ताक्षर भई सेवा सुरु भइसकेको छ । सुदूरपश्चिम प्रदेशमा पनि यस्तै सेवा विस्तार गर्न छलफल भइरहेको विभागले जनाएको छ । शैक्षिक प्रमाणपत्र घरदैलोमै पुर्‍याउने व्यवस्थाअन्तर्गत नेपाल खुला विश्वविद्यालय र हुलाक सेवा विभागबीच गत असार ८ गते सम्झौता भई सेवा कार्यान्वयनमा आएको छ ।

त्रिभुवन विश्वविद्यालयसँग पनि यस्तै सम्झौताका गर्नका लागि छलफल भइरहेको छ । स्वास्थ्य क्षेत्रमा पनि हुलाक सेवाको प्रयोग विस्तार भएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सम्झौता अनुसार १७ वटा अस्पतालका एक हजार ४८० वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ । स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग भएको सम्झौताअनुसार ४४ हजार १८४ थान सामग्री पनि हुलाकमार्फत् ढुवानी गरिएको छ । यस्तै, स्वास्थ्य बीमा बोर्डसँगको सम्झौताअनुसार २८ भन्दा बढी जिल्लास्थित स्वास्थ्य बीमा कार्यालयमा १३० बोरा स्वास्थ्य सामग्री ढुवानी गरिएको विभागले जनाएको छ ।

हाल सिमकार्डबाहेक नेपाल टेलिकमका अन्य सामग्री पनि हुलाक सेवामार्फत् ढुवानी भइरहेको छ। भूमि व्यवस्था तथा अभिलेख विभाग र हुलाक सेवा विभागबीच साउन ८ गते सम्झौता भई जग्गाधनी पुर्जा, सरकारी कागजात लगायत सामग्री ढुवानी तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ। महानिर्देशक पंगेनीका अनुसार हुलाक सेवालाई अझ प्रभावकारी बनाउन देशको ठेगाना प्रणालीलाई व्यवस्थित गर्नु आवश्यक छ । बसाइँसराइ हुँदा सम्बन्धित व्यक्तिले हुलाकलाई आफ्नो नयाँ ठेगानाबारे जानकारी दिने व्यवस्था गर्न सके सरकारी कागजात तथा सामग्री सम्बन्धित व्यक्तिसम्म पुर्‍याउन सहज हुने उहाँको भनाइ छ। हुलाकमार्फत् सामग्री ढुवानी गर्दा आवश्यक सवारीसाधनको व्यवस्थापनमा समस्या देखिएको तथा कम्प्युटरलगायत सूचना प्रविधिका साधनको अभावसमेत रहेको उहाँले बताउनुभयो । सेवा विस्तारसँगै यस्ता पूर्वाधार र स्रोतसाधनको व्यवस्थापनमा पनि ध्यान दिनसके सरकारी कुरियर सेवा थप प्रभावकारी हुनसक्ने उहाँको भनाइ छ।

हुलाक सेवालाई परम्परागत चिठीपत्र आदानप्रदानको माध्यममा सीमित नराखी सरकारी सेवा तथा कागजात नागरिकको घरदैलोसम्म पुर्‍याउने भरपर्दो सार्वजनिक सेवा प्रणालीका रूपमा विकास गर्ने प्रयास भइरहेको विभागले जनाएको छ । सेवालाई थप प्रभावकारी, छरितो र कम खर्चिलो बनाउन डाँक मार्गको पुनरावलोकन गरी गत जेठ ३१ गते स्वीकृत गरिएको छ । त्यसैगरी, हुलाक सङ्केत प्रणालीलाई सात अङ्कीय बनाउँदै आन्तरिक निगरानी प्रणालीमा समेत स्तरोन्नति गरिएको विभागले जनाएको छ । सोसम्बन्धी अद्यावधिक विवरण अन्तर्राष्ट्रिय हुलाक सङ्घमा समेत पठाइएको छ। वैदेशिक हुलाक सेवालाई सहज बनाउन हुलाक सेवा विभागको समन्वयमा वैदेशिक हुलाक भन्सार कार्यालय र राष्ट्रिय वाणिज्य बैंकका सेवा बिदाका दिनसमेत सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलबाट वैदेशिक हुलाक सामग्रीको ढुवानीलाई थप छरितो बनाउन त्यहाँ द्रुत चेकजाँच सेवा लागू गरिएको छ । हुलाक सामग्रीको हवाई ढुवानी सहज बनाउन यतिलगायत विभिन्न वायुसेवा कम्पनीसँग सम्झौता तथा पूरक सम्झौता गरिएको विभागले जनाएको छ ।

# खानेपानी व्यवस्थापन बोर्डद्वारा एक करोड ५५ लाख बक्यौता असुली

चितवन । भरतपुर खानेपानी व्यवस्थापन बोर्डले एक हजार ५०३ जना ग्राहकबाट रु एक करोड ५५ लाख तीन हजार ६८५ बक्यौता रकम असुली गरेको छ । रु पाँच हजारभन्दा माथि बक्यौता भएका र छ महिनाभन्दा माथिको पानीको महसुल नबुझाएका ती ग्राहकबाट सो रकम बक्यौता असुली गरिएको हो ।

कार्यालयका प्रमुख सञ्जय बरालका अनुसार गत फागुनदेखि बक्यौता असुलीको काम सुरु गरिएको हो । फागुनदेखि असार मसान्तसम्ममा सो बक्यौता असुली भएको उहाँले जानकारी दिनुभयो । कार्यालयले अझै ५०० ग्राहकबाट रु २० लाख बक्यौता असुल गर्न बाँकी रहेको छ । ती लामो समयदेखि महसुल नबुझाएका ग्राहकहरु हुन् ।

बक्यौता नबुझाउने ग्राहकलाई पत्राचार गर्ने, घरदैलो गर्ने, पानीको लाइन काट्ने, एसएमएस गर्ने, ताकेता लगाउनेजस्ता काम भइरहेको उहाँले बताउनुभयो । कार्यालयले बक्यौता असुलीका लागि टोलीनै गठन गरेर काम गरीरहेको छ । गत वर्ष रु १६ करोड ५९ लाख ४२ हजार १०० महसुल बिलिङ गरेकोमा रु १६ करोड ९९ लाख ७२ हजार ४४० सङ्कलन भएको थियो । यो लक्ष्यको दुई दशमलव ५७ प्रतिशतले बढी हो ।

यस्तै भरतपुर महानगरपालिकाले दिँदै आएको सात युनिट पानीमा अनुदानसमेत भुक्तानी गरेको छैन । मङ्सिर महिनादेखिको भुक्तानी नपाएको कार्यालयले जनाएको छ । आठ महिनाको बक्यौता रु एक करोडभन्दा बढी रहेको उहाँले जानकारी दिनुभयो । महानगरवासीलाई बोर्ड र विभिन्न उपभोक्ता समितिबाट सञ्चालित खानेपानी आयोजनाको रकमसमेत भुक्तानी हुन नसक्दा ती आयोजनामा समस्या भएको छ ।

# सुर्खेतमा ४४ हजार ५०० सिलिन्डर ग्यास वितरण

कर्णाली । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा खाना पकाउने एलपी ग्यासका ४४ हजार ५०० थान सिलिन्डर वितरण गरिएको छ ।

यही साउन १ देखि २७ गतेसम्म सुर्खेतका विभिन्न ग्यास डिलर तथा कम्पनीबाट १४ दशमलव दुई केजीका ग्यास सिलिन्डर बिक्री तथा वितरण गरिएको हो ।

नेपाल आयल निगम लिमिटेड प्रादेशिक कार्यालयका प्रमुख दीपक घिमिरेका अनुसार भेरी ग्यासका मात्र २७ हजार ६२६ सिलिन्डर वितरण भएका छन् ।

त्यस्तै, नेपाल ग्यास कर्णालीका पाँच हजार ७८, सैपालका चार हजार ४६५, राप्तीका दुई हजार ८००, रेडियन्सका दुई हजार ७३० र मनकामना ग्यास कम्पनीका एक हजार ८०२ सिलिन्डर बिक्री तथा वितरण भएका उहाँले जानकारी दिनुभयो ।

प्रमुख घिमिरेका अनुसार साउन मसान्तसम्म सुर्खेतमा थप पाँच हजार ग्यास सिलिन्डर आवश्यक पर्ने देखिएको छ । "यो महिनामा करिब ५० हजार ग्यास सिलिन्डर वितरण हुने देखिएको छ। यो अहिलेसम्मकै उच्च खपत हो," उहाँले भन्नुभयो ।

जिल्ला प्रशासन कार्यालयमा मङ्गलबार बसेको सर्वपक्षीय बैठकले अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी, दीर्घरोगी तथा समस्यामा परेका व्यक्तिका लागि प्रत्येक डिलरबाट १० प्रतिशत ग्यास सिलिन्डर छुट्याएर उपलब्ध गराउने व्यवस्था गरेको कार्यालय स्रोतले जनाएको छ ।

# तेह्र जनालाई जग्गाधनी पुर्जा प्रदान

झापा । कनकाई नगरपालिका ३ र ६ का थप १३ जनालाई जग्गाधनी पुर्जा वितरण गरिएको छ ।

जिल्ला भूमि समस्या समाधान समितिले उहाँलाई जग्गाधनी पुर्जा वितरण गरेको हो । जग्गाधनी पुर्जा प्राप्त गर्नेमा भूमिहीन दलित एक, भूमिहीन सुकुमवासी पाँच र अव्यवस्थित बसोबासी सात जना रहनुभएको छ ।

यसअघि यही साउन ८ गते समितिले कनकाईका पाँच जनालाई जग्गाधनी पुर्जा वितरण गरेको थियो । नगरपालिकाको भूमि प्रशासन शाखाका अनुसार गत वर्ष असारमा १५७ जनालाई धनीपुर्जा वितरण गरिएको थियो । तत्कालीन भूमि आयोगले आर्थिक वर्ष २०७९/८० देखि लगत सङ्कलनको काम सुरु गरेकोमा यस नगरपालिकामा हालसम्म २४८ जनालाई जग्गाधनी पुर्जा वितरण गरिसकिएको भूमि प्रशासन शाखा प्रमुख बद्रीकुमार दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार लगत सङ्कलनका क्रममा नगरपालिकामा भूमिहीन दलित ३७५, भूमिहीन सुकुमवासी दुई हजार २४४ र अव्यवस्थित बसोबासी चार हजार ५८८ जनाको विवरण सङ्कलन गरिएको छ ।

नगरप्रमुख राजेन्द्रकुमार पोखरेलले बाँकी रहेका लाभग्राहीलाई पनि क्रमशः जग्गाधनी पुर्जा वितरण गर्दै जाने बताउनुभयो । जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जिल्लाभरि जग्गाधनी पुर्जा वितरणका लागि लगत सङ्कलन तथा वितरण प्रक्रियालाई तीव्रता दिइएको बताउनुभयो ।

समितिका सदस्य सचिव तथा जिल्ला नापी कार्यालय, भद्रपुरका प्रमुख शिवप्रसाद लम्सालका अनुसार यसै महिना जिल्लाको अर्जुनधारा नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा पनि पुर्जा वितरण सुरु भएको छ। बुद्धशान्तिमा आगामी हप्ता थप जग्गाधनी पुर्जा वितरण गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

# डेढ दशकमा छ किलोमिटर कालोपत्रे

कञ्चनपुर । सरकारले कञ्चनपुरको ब्रह्मदेवदेखि नेपाल-चीन सिमाना टिंकरसम्म जोड्ने ध्येयकासाथ डेढ दशकअघि सुरु गरेको महाकाली करिडोर निर्माणमा अपेक्षित प्रगति हुन नसकेको पाइएको छ ।

टिंकर क्षेत्रमा सडक यातायातको पहुँच विस्तार गरी नेपाल-भारत-चीनबीच त्रिदेशीय व्यापारिक करिडोर निर्माण गर्ने लक्ष्यका साथ २०६६ सालबाट सुरु गरिएको करिडोरको कूल लम्बाइ ४१३ किलोमिटर छ।

महाकाली करिडोर सडक योजना कार्यालय दार्चुलाले कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तुसारपानीसम्म ३३४ किलोमिटर सडक निर्माण गरिरहेको छ । नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको तुसारपानीदेखि तिंकरसम्मको ७९ किलोमिटर क्षेत्रको सडकको हालसम्म १६ किलोमिटर मात्रै ट्र्याक खुलेको छ । योजना कार्यालय दार्चुलाका सूचना अधिकारी दिनेश रैखोलाले कार्यालयले निर्माण गरिरहेको ३३४ किलोमिटर सडकमध्ये ४६ दशमलव तीन किलोमिटर ट्र्याक खुल्न बाँकी रहेको जानकारी दिनुभयो । उहाँका अनुसार करिडोरको डडेल्धुरामा पर्ने ५८ किलोमिटर सडकमध्ये ३२ किलोमिटर मात्रै ट्र्याक खुलेको छ भने २६ किलोमिटर ट्र्याक खुल्न बाँकी छ । पाँच दशमलव एक किलोमिटर सडक कालोपत्र गरिएको छ । उक्त सडकको १४४ किलोमिटरमध्ये दुई दशमलव पाँच किलोमिटर ट्र्याक खुल्न बाँकी छ ।

दार्चुलामा पर्ने १२१ किलोमिटरमध्ये १७ दशमलव आठ किलोमिटर ट्र्याक खुल्न बाँकी छ ।

## वस्तुनिष्ठताको कसीमा........

हुन सक्छन् कि सक्दैनन् भन्ने विषयमा अध्ययन आवश्यक हुन्छ । बीमा, बैङ्क ग्यारेन्टी, संरक्षण कोष वा अन्य जोखिममा आधारित व्यवस्थाजस्ता विकल्पले पनि सोही उद्देश्य पूरा गर्न सक्छन् भने तिनको तुलनात्मक अध्ययन गर्नु नियमनलाई कमजोर बनाउनु होइन; अझ प्रभावकारी बनाउनु हो ।

ग्रेडिङको अवधारणा आफैँमा गलत होइन तर त्यसका वस्तुगत मापदण्ड, निर्णय प्रक्रिया, कारणसहितको निर्णय, पुनरवलोकन तथा अपिलको अधिकार स्पष्ट हुनुपर्छ । नत्र गुणस्तर सुधारका लागि ल्याइएको प्रणाली प्रशासनिक विवेकाधिकारको माध्यम बन्न सक्ने जोखिम रहन्छ । सबैभन्दा महत्वपूर्ण कुरा पहिले अधिकार र जिम्मेवारी, त्यसपछि दायित्व र सजाय हुनुपर्छ । कानुनी भूमिका नै स्पष्ट नभएको अवस्थामा धरौटी, क्षतिपूर्ति, इजाजत रद्द वा अन्य कठोर दायित्व निर्धारण गर्दा कानुनी निश्चितता र न्यायोचितताको प्रश्न उठ्न सक्छ ।

अबको बहस विद्यार्थी केन्द्रित

अबको बहस 'नियमावली चाहिन्छ कि चाहिँदैन ?' भन्ने तहमा रोकिनु हुँदैन । नियमावली चाहिन्छ तर कस्तो नियमावली चाहिन्छ भन्ने प्रश्न अझ महत्वपूर्ण छ । अहिलेको अवसरलाई विद्यार्थीकेन्द्रित करियर मार्गदर्शन, जिम्मेवार परामर्श सेवा र सचेत अभिभावक निर्माण गर्ने अवसरका रूपमा लिन सकिन्छ । यसका लागि नियमावली निर्माण वा संशोधनको प्रक्रियामा विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र सम्बन्धित सरकारी निकायजस्ता सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

नियमावलीले विद्यार्थीलाई केवल सम्झौता गराउने होइन, उसलाई सही सूचना र स्वतन्त्र निर्णयको अधिकार सुनिश्चित गराउनुपर्छ, जसले परामर्शदातालाई मात्र उत्तरदायी बनाउने होइन, सूचना उत्पादन र प्रवाहमा संलग्न सबै पक्षको भूमिका स्पष्ट गरोस् । गलत गर्ने व्यक्तिमाथि प्रभावकारी कारबाही गरोस् तर असल नियतले आफ्नो पेसागत कर्तव्य पूरा गर्ने व्यक्तिलाई आफ्नो नियन्त्रणबाहिरको परिणामको दोषी नबनाओस् । शैक्षिक परामर्शलाई व्यवसायबाट पूर्णरूपमा अलग गर्न खोज्नु पनि व्यावहारिक हुँदैन । कार्यालय, कर्मचारी, प्रविधि, तालिम र सेवा सञ्चालनका लागि आर्थिक स्रोत आवश्यक हुन्छ । आम्दानी हुनु आफैँमा गलत होइन । गलत त्यतिबेला हुन्छ, जब आम्दानीले पेसागत निर्णयलाई निर्देशित गर्न थाल्छ ।

विद्यार्थीका लागि अनुपयुक्त विकल्प केवल बढी कमिसन आउने कारणले उपयुक्त बनाइन्छ भने त्यहाँ परामर्श क्रमशः बिक्री प्रणालीमा बदलिन सक्छ । यही जोखिम रोक्न ठूलो धरौटीभन्दा बलियो आधार आचार-संहिता, पारदर्शिता, स्वार्थको द्वन्द्वको खुलासा, सत्यापनयोग्य सूचना, पेसागत योग्यता, अभिलेखीकरण र लक्षित अनुगमन हुनसक्छ ।

राम्रो नियमावलीले कुनै एउटा पक्षलाई मात्र नियन्त्रण गर्दैन । यसले विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र राज्यबीच अधिकार, कर्तव्य, सीमा र उत्तरदायित्वको स्पष्ट सम्बन्ध निर्माण गर्छ । प्रस्तावित नियमावलीको मूल उद्देश्य कसैलाई कमजोर बनाउने होइन, गलत अभ्यास रोक्दै जिम्मेवार परामर्श सेवाको स्तर माथि उठाउने हुनुपर्छ ।

पहिले सेवा र उद्देश्य स्पष्ट गर्ने, त्यसपछि सरोकार वालाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने, त्यसपछि पेसागत आचारसंहिता र मापदण्ड बनाउने अनिमात्र दायित्व, धरौटी, प्रतिबन्ध र दण्डको व्यवस्था गर्ने क्रमले नियमावलीलाई केवल नियन्त्रणको दस्तावेज होइन, शैक्षिक परामर्श क्षेत्रलाई विश्वसनीय, जिम्मेवार र प्रतिष्ठित पेसागत सेवाका रूपमा विकास गर्ने आधार बनाउन सक्छ । विद्यार्थीको अधिकार, पेसागत स्वतन्त्रता र राज्यको नियामक जिम्मेवारीबीच न्यायोचित सन्तुलन कायम गर्ने राम्रो नियमावली निर्माण गर्नु आजको आवश्यकता हो ।

(लेखक शिक्षा तथा शैक्षिक परामर्श क्षेत्रमा सक्रिय हुनुहुन्छ ।)

# हक, अधिकार कार्यान्वयन गर्न विधेयक तर्जुमाः मन्त्री गौतम

काठमाडौँ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले नेपालको संविधानको धारा ४० मा व्यवस्था गरिएअनुसार दलित समुदायको मौलिक हकलाई कार्यान्वयन गर्न कानुन आयोगबाट 'दलितको हक, अधिकार तथा विकास' सम्बन्धी विधेयक तर्जुमा गरिएको बताउनुभएको छ ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदका प्रश्नको प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट जवाफ दिँदै मन्त्री गौतमले सो विधेयकको मस्यौदालाई विधायन ऐन, २०८१ अनुसार कार्यप्रक्रिया अगाडि बढाउन विज्ञसहितको समिति गठन गरिएको जानकारी दिनुभयो । उहाँले दलित समुदायको हक, अधिकार तथा विकासका सम्बन्धमा सदनबाट पारित सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्न सरकारले गत चैत १३ को शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गतको बुँदा नम्बर ५ मा दलित समुदायसँग औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने विषय समावेश गरिसकेको बताउनुभयो । यसको मुख्य उद्देश्य दलित समुदायको संरक्षण, प्रवर्द्धन, सशक्तिकरण र सामाजिक न्याय सुनिश्चित गर्दै राज्यका हरेक संयन्त्रमा यस समुदायको समान पहुँच र सहभागिता बढाउनु रहेको मन्त्री गौतमको भनाइ छ ।

उहाँका अनुसार यस विधेयकले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, परम्परागत पेसाको संरक्षण, भूमि तथा आवास र सेवासुविधाको न्यायोचित वितरणलगायत महत्वपूर्ण सामाजिक, आर्थिक अधिकारलाई समेटेको छ । यसैगरी सामाजिक सुरक्षा प्रणालीलाई थप न्यायोचित र लक्षित बनाइने, देशैभरिका दलित बालबालिकालाई उपलब्ध गराइएको बालपोषण भत्तालाई दोब्बर गरी मासिक रु एक हजार बनाइएको मन्त्री गौतमले जानकारी दिनुभयो । दलित समुदायको परम्परागत सीप संरक्षण, आयआर्जन, प्रविधि स्तरोन्नतिका क्रियाकलापसहित एकीकृत रूपमा दलित केन्द्रित लगानी बढाइने उल्लेख गर्दै उहाँले देशैभरिका पाँच वर्षमुनिका दलित समुदायका बालबालिकाको पोषण सहायताका लागि रु तीन अर्ब बजेट विनियोजन भएको बताउनुभयो ।

त्यस्तै भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइने मन्त्री गौतमले उल्लेख गर्नुभयो । उहाँले दलित समुदायको परम्परागत मौलिक सीप, कला तथा पेसाको प्रवर्द्धन गर्न मधेस, कर्णाली र सुदूरपश्चिमका सघन दलित बस्तीलाई लक्षित गरी नमुना घरबास सञ्चालन गरिने बताउनुभयो ।

# मधेस प्रदेशमा रगतको अभाव

जनकपुरधाम । रक्तदान गरेपछि कमजोर भइन्छ भन्ने नकारात्मक सोचका कारण मधेस प्रदेशमा रगतको अभाव देखिन थालेको छ ।

मधेस प्रदेशमा रगतको अभाव देखिएपछि बिहीबार जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुर धाम, उपमहानगरपालिका वडा नं १७ ले बिहीबार रक्तसञ्चार केन्द्रको समन्वयमा खुला रक्तदान कार्यक्रमको आयोजन गरेको हो । अन्तरराष्ट्रिय युवा दिवसको अवसर पारेर आयोजना गरिएको उक्त खुला रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गर्नुभएको छ । रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् भने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको हो । रास्वपा मधेस प्रदेश सङ्गठन विभाग उपप्रमुख अम्बुप्रसाद साहले सङ्कलन भएको रगत मधेस प्रदेश रक्तसञ्चार केन्द्रमा बुझाइने बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पङ्ज महतोले एक सातादेखि रक्तसञ्चार केन्द्रमा रगतको अभाव देखिएको जानकारी दिनुभयो । "रक्तसञ्चार केन्द्रमा एक/दुई पोका मात्र रगत छ, तर दैनिक ४०/५० जना बिरामी रगतका लागि आउने गरेका छन्", अध्यक्ष महतोले भन्नुभयो, "बिरामीहरु जसरी पनि दिनुपऱ्यो भन्दै आउँछन्, तर रगत नभएपछि समस्या भइरहेको छ ।" रक्तदाताको अभाव भएपछि मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाम अन्तर्गतको प्रदेश रक्तसञ्चार केन्द्रमा पनि रगतको अभाव हुन थालेको छ ।

मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका निर्देशक डा नागेन्द्र यादवका अनुसार प्रदेश रक्तसञ्चारमा हाल जम्मा ३० पोका रगत रहेको बताउनुभयो ।


## आँखु खोला -२ जलविद्युत आयोजना (२० मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२९

बागमती प्रदेश, धादिङ जिल्ला, खनियाबास, गङ्गाजमुना र नेत्रावती डवजोंङ गाउँपालिकाहरूमा श्री गणेश हिमाल हाइड्रोपावर लिमिटेड, गैरीधारा, काठमाडौंद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गणेश हिमाल हाइड्रोपावर लिमिटेड; गैरीधारा, का.म.पा.-२, काठमाण्डौं, नेपाल<br>सम्पर्क नं: ०१-४५४८८२२; ईमेल ठेगाना : ganeshhimal2075@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावित आँखु खोला-२ जलविद्युत आयोजना (२० मे.वा.) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन मिति २०७९/०४/१९ मा ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार स्वीकृत भइसके पश्चात् विस्तृत डिजाइनको क्रममा आयोजनाको संरचनाहरूको डिजाइन परिवर्तन एवं संरचनाहरूको स्थानान्तरण हुने अवस्था सिर्जना भएको छ । परिमार्जित डिजाइन अनुसार नदी प्रवाहमा आधारित (RoR) मोडलमा निर्माण गरिने यो आयोजनामा गङ्गाजमुना गाउँपालिका-३ मा आँखु खोला र आफल खोलाको संगमबाट करिब ५३० मि. दक्षिण आँखु खोलामा ३६ मिटर लम्बाइ र ६ मिटर उचाइ भएको डाइभर्जन बाँध निर्माण गरी २७.७३ घन मी. प्रति सेकेन्ड बहावलाई गङ्गाजमुना गाउँपालिकामा नदीको दायाँ पट्टी निर्माण गरिने इन्टेकबाट ३ वटा चेम्बर भएको डिस्यान्डरमा पुऱ्याइनेछ । त्यहाँबाट पानीलाई गङ्गाजमुना गाउँपालिकामा वडा नं ३ र ४ हुँदै निर्माण गरिने स्टिल कनेक्टिङ पाइप र क्रमशः ३-३ वटा खण्डमा रहने हेडरेस सुरुङ र हेडरेस पाइपहरू सम्मिलित जम्मा ५०८६ मि लामो जलमार्ग मार्फत गङ्गाजमुना गाउँपालिका-४ मा निर्माण गरिने सर्ज ट्याङ्कसम्म लगिनेछ जहाँबाट पानीलाई २७२ मि. लामो पेनस्टक पाइपको माध्यमबाट गङ्गाजमुना गाउँपालिका-४ मा किन्ताङ्ग खोला र आँखु खोलाको संगमबाट करिब ८२५ मि. दक्षिण-पश्चिममा आँखु खोलाको दायाँ किनारमा निर्माण गरिने विद्युतगृहमा खसाली २० मेगावाट विद्युत् उत्पादन गरिनेछ । तत्पश्चात् उक्त पानीलाई ७७३ मि. लामो निकास नहरमार्फत पुनः आँखु खोलामा मिसाइनेछ । |
| प्रभाव पर्न सक्ने क्षेत्र | धादिङ जिल्ला, खनियाबास गाउँपालिका-४, गङ्गाजमुना गाउँपालिका-३, ४ र नेत्रावती डवजोंङ गाउँपालिका-१ |

माथि उल्लेखित प्रस्तावको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (Updated IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गणेश हिमाल हाइड्रोपावर लिमिटेड<br>गैरीधारा, का.म.पा.-२, काठमाडौं, नेपाल<br>सम्पर्क नं: ०१-४५४८८२२; ईमेल ठेगाना: ganeshhimal2075@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ITECO–RIMC JV<br>श्री पञ्चकन्या मार्ग, मिनभवन, काठमाडौं, नेपाल<br>ईमेल : iteco@mos.com.np; फोन : ०१-४१०६७७६ |


# नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको दैनिक काममा जटलिता नरहेको राष्ट्र बैंकको स्पष्टोक्ति

काठमाडौँ । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लमिटेडका सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतविरुद्ध काठमाडौँ जिल्ला अदालतमा अभियोगपत्र दायर भएको विषयमा नेपाल राष्ट्र बैंकले आफ्नो धारणा सार्वजनिक गरेको छ ।

राष्ट्र बैंकका अनुसार उक्त विषयमा जानकारी प्राप्त भएको र बैंकको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा राष्ट्र बैंकले नजिकबाट अनुगमन गरिरहेको छ । साथै, विद्यमान कानुनी व्यवस्थाका सन्दर्भमा आवश्यक राय-सुझाव लिई छलफल भइरहेको राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकले बैंकको तरलताको अवस्था तथा वित्तीय सबलताका परिसूचकहरू तोकिएको मापदण्डअनुसार सन्तोषजनक रहेको जनाएको छ । बैंकको दैनिक कार्य सञ्चालनमा कुनै पनि प्रकारको जटिलता उत्पन्न हुने अवस्था नदेखिएको पनि राष्ट्र बैंकको स्पष्टोक्ति छ ।

जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा विद्यमान बैंक सञ्चालनको दैनिक अवस्थासहित मुद्दाको प्रकृति, समयावधि र गम्भीरताका आधारमा राष्ट्र बैंकबाट थप छलफल तथा कानुनी राय लिइने जनाएको छ । राष्ट्र बैंकले कानुनबमोजिम सञ्चालक समिति, उच्च व्यवस्थापन तथा बैंक सञ्चालनका सम्बन्धमा आवश्यक उपाय अवलम्बन गरिने व्यहोरा समेत जानकारी गराएको छ ।

# नेप्से परिसूचक सामान्य अंकले बढ्यो

काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक आठ दशमलव ८१ अङ्कले बढेर दुई हजार ६५१ दशमलव २१ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९७ अङ्कले बढेर ४६४ दशमलव ५९ मा पुगेको छ । त्यस्तै, फ्लोट सूचक शून्य दशमलव ६० अङ्कले बढेर १८२ दशमलव १६ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३६ अङ्कले बढेर १५७ दशमलव ३३ मा पुगेको छ । बिहीबार विभिन्न कम्पनीका एक करोड दुई लाख २५ हजार ८७४ कित्ता सेयर रु तीन अर्ब ७२ करोड ४७ लाख ७० हजार ७७ मूल्यमा खरिद बिक्री भएको छ । बिहीबार १३ उपसमूहमध्ये १० उपसमूह बढ्यो भने दुई उपसमूह घट्यो। एक उपसमूह स्थिर रह्यो । बिहीबार १७१ कम्पनीको सेयर बढ्यो भने ८६ कम्पनीको सेयर घट्यो। त्यसैगरी, १९ कम्पनीको सेयर स्थिर रह्यो। नेप्सेका अनुसार बिहीबार सर्वोत्तम पेन्ट्स इन्डिस्ट्रिज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट, सुपर खुदी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन्। त्यसैगरी प्रभु बैङ्क डिबेञ्चर, ग्लोबल आइएमई बैङ्क डिबेञ्चर, स्ट्यान्डर्ड चार्टर्ड बैङ्कको डिबेञ्चरका लगानीकर्ताले गुमाएका छन् ।

# नेपाल चेम्बर अफ कमर्स र बागमती विश्वविद्यालयबीच रणनीतिक समझदारी

काठमाडौँ । नेपाल चेम्बर अफ कमर्स र बागमती विश्वविद्यालयबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उद्यमशीलता विकास, नवप्रवर्तन प्रवर्द्धन, सीप विकास तथा उद्योग-शैक्षिक सहकार्यलाई संस्थागत रूपमा सुदृढ बनाउने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

पाँचवर्षे समझदारीपत्रमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा बागमती विश्वविद्यालयका अध्यक्ष प्रा डा चन्द्रमणि पौडेलले हस्ताक्षर गर्नुभएको हो । समझदारी पत्रमा दुवै संस्थाले शैक्षिक क्षेत्र, उद्योग, स्टार्टअप, लगानी समुदाय तथा नीतिनिर्माताबीच समन्वयात्मक वातावरण निर्माण गर्दै उद्यमशीलता, व्यावसायिक विकास, नवप्रवर्तन क्षमता अभिवृद्धि तथा संस्थागत उत्कृष्टताका क्षेत्रमा दीर्घकालीन सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सले आफ्ना सदस्य तथा सरोकारवालाको तालिम आवश्यकता पहिचान गर्ने, संयुक्त कार्यक्रममा सहभागिता बढाउने, व्यावसायिक वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने तथा बागमती विश्वविद्यालयका विद्यार्थीका लागि इन्टर्नसिप तथा रोजगारी सहयोग केन्द्र स्थापना गर्न सहयोग गर्नेछ । त्यसैगरी, बागमती विश्वविद्यालयले शैक्षिक विशेषज्ञता उपलब्ध गराउने, तालिम तथा कार्यकारी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, स्टार्टअप तथा नवप्रवर्तनका लागि परामर्श र मार्गदर्शन प्रदान गर्ने, उद्योग शिक्षा सहकार्यमा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्ने तथा सेमिनार, नीति संवाद र सम्मेलन आयोजना गर्ने प्रतिबद्धता जनाएको छ । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले आवश्यकताअनुरूप विश्व विद्यालयले परम्परागत शिक्षा प्रणालीभन्दा बाहिर निस्किएर उद्यमशीलता र नव प्रवर्तनमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

बागमती विश्वविद्यालयका अध्यक्ष प्रा डा चन्द्रमणि पौडेलले विश्वविद्यालयले शिक्षा र उद्योगबीचको सम्बन्धलाई व्यावहारिक रूपमा जोड्ने अवधारणाअनुसार अघि बढिरहेको बताउनुभयो। समझदारीपत्र हस्ताक्षर भएको मितिदेखि पाँच वर्षसम्म लागू रहनेछ ।

# दशौँ राष्ट्रिय खेलकुद आगामी मङ्सिर तेस्रो साता

काठमाडौँ । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मङ्सिर १६ देखि २९ गतेसम्म सुर्खेतमा हुने भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बिहीबार बसेको १२५औँ बोर्ड बैठकले उक्त निर्णय गरेको हो ।

राखेपका अध्यक्ष एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको परिषद्को बोर्ड बैठकले प्रथम राष्ट्रिय पारा खेलकुद प्रतियोगिता आगामी पुस १५ गतेदेखि सञ्चालन गर्ने पनि निर्णय गरेको छ ।

बैठकमा मन्त्री पोखरेलले दशौँ राष्ट्रिय खेलकुद सफल बनाउन सम्पूर्ण पक्ष एकताबद्ध भई लाग्न अनुरोध गर्नुभएको छ। बैठकमा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेल, परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठलगायत प्रदेश खेलकुद परिषद्का सदस्य-सचिवसहित परिषद्का बोर्ड सदस्यहरुको उपस्थिति थियो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,web:epratyush.com